## रामप्रसादराई गाउँपालिका

## बैकुण्ठे, भोजपुर

रामप्रसादराई गाउँपालिका

# आर्थिक ऐन

# रामप्रसादराई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभामा पेश भएको मिति:-२०८३।०३।१०
स्वीकृत मिति:- २०८३।०३।१०

**<u>प्रस्तावना:</u>** रामप्रसादराई गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) र गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १९ औ अधिवेशनबा पारित भएको आर्थिक ऐन

**<u>१. संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि रामप्रसादराई गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

**<u>२. सम्पत्ति कर:</u>** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ। सम्पत्ति कर आ.व. २०८३।०८४ देखि मात्र लागू गरिनेछ।

**<u>३. भूमि कर (मालपोत):</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**<u>४. घर बहाल कर:</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

**<u>५. व्यावसाय कर:</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ।

**<u>६. जडिबुटी, कवाडी र जीवजन्तु कर:</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

रामप्रसादराई गाउँपालिका

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसूचि (८) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

**१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

रामप्रसादराई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर
विनयोजन ऐन

रामप्रसादराई गाउँपालिका, भोजपुर को आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८३/०३/१०

**प्रस्तावनाः** रामप्रसादराई गाउँपालिका, भोजपुर २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) र गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम रामप्रसादराई गाउँपालिका, भोजपुरको गाउँ सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रामप्रसादराई गाउँपालिका, भोजपुरको विनियोजन ऐन," रहेको छ।

२) यो ऐन २०८३ श्रावण १ बाट लागु हुनेछ।

**आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४६,७४,०६,०१५ (रु. छ्यालिस करोड चौरहत्तर लाख छ हजार पन्द्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त रामप्रसादराई गाउँपालिका, भोजपुरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै

एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम
ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

रामप्रसादराई गाउँपालिका

## अनुसूचि–१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
एकीकृत सम्पत्ति करका दर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पति कर मूल्याकंन रकम रु. | रु १ देखि १० लाख सम्म | | |

## अनुसूचि–२
(दफा ३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
भूमि कर (मालपोत)

| | | | | |
|---|---|---|---|---|
| | | **पाखो बारी** | | |
| २ | मालपोत/भूमिकर | **अब्बल** (प्रतिरोपनी रु) | १४।00 | |
| | | **दोयम** (प्रतिरोपनी रु) | १२।00 | |
| | | **सिम** ( प्रतिरोपनी रु) | १०।00 | |
| | | चाहार (प्रतिरोपनी रु) | ८।00 | |
| | | पाँचौ (प्रतिरोपनी रु.) | १०।00 | |
| | | **खेत** | | |
| | | **अब्बल** (प्रतिरोपनी रु) | १६।00 | |
| | | **दोयम** (प्रतिरोपनी रु) | १४।00 | |
| | | सिम (प्रतिरोपनी रु) | १२।00 | |
| | | चाहार (प्रतिरोपनी रु) | १०।00 | |
| | नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ । तर आ.व.०७४।७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार हुने छ। | | | |

## अनुसूचि–३
(दफा ४ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
घर वहाल कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | |

**घरजग्गा बहाल कर (१०प्रतिशत)**

घर, जग्गा, गोदाम, टहरा, कम्पाउण्ड आदि बहालमा लिंदा दिंदा सम्झौता रकमको १० प्रतिशत बहाल कर असुलउपर गरिने छ। बहाल कर भन्नाले कुनै पनि सरकारी, गैरसरकारी निकाय, संघ संस्था, सर्वसाधारण व्यक्तिले सरकारी निजी घर, टहरा, गोदाम, जग्गा, कम्पाउण्ड आदि भाडामा लिना दिना गर्दा सम्झौता भएको रकममा लाग्ने कर भन्ने बुझिन्छ। उक्त कर घर वा जग्गा भाडामा लगाउने व्यक्ति वा संस्थाले भुक्तानी गर्नु पर्नेछ।

## अनुसूचि–४
(दफा ५ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
व्यावसाय कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३,०००।०० | |
| | | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| २ | चुरोट, बिंडी, सुर्तीजन्य | वितरक | २,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १,५००।०० | |
| | | थोक | १,०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| ४ | सुनचाँदी पसल | थोक | १,५००।०० | |
| | | खुद्रा पसल र मर्मत | १,०००।०० | |
| ५ | औषधि पसल | थोक | ३,०००।०० | |
| | | खुद्रा (डाक्टर भएको) | २,०००।०० | |
| | | खुद्रा (डाक्टर नभएको) | १,५००।०० | |
| ६ | माछामासु बिक्री पसल | | १,०००।०० | |
| ७ | आयुर्वेदिक औषधि पसल | | ५००।०० | |
| ८ | एग्रोभेट पसल | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २,०००।०० | |
| | | साधारण प्रेस | १,०००।०० | |
| ११ | कस्मेटिक पसल | | १,५००।०० | |
| १२ | प्लाइ तथा ग्लास | थोक | २,५००।०० | |
| | | खुद्रा | १,५००।०० | |
| १३ | कपडा/फेन्सी/जुत्ताचप्पल/ ब्याग पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १४ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, | वितरक | ३,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १५ | ढुङ्गा, गिट्टी तथा बालुवा बिक्री वितरण गर्ने कार्य नियमानुसार गरिने छ। | वार्षिक | १,५००,०००।०० | |
| १६ | क्यारेम बोर्ड | | ५००।०० | |
| १७ | पशु आहार बिक्री केन्द्र | | १,०००।०० | |
| १८ | किराना पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | ५००।०० | |
| १९ | फलफूल/तरकारी पसल | थोक | ८००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | ४००।०० | |
| २० | खोटो व्यावसायी | प्रति के.जि. | ५।०० | |
| २१ | जग्गा व्यावसायी | | ५,०००।०० | |
| २२ | निर्माण व्यवसायी तथा कार्यक्रम संचालन गर्ने संघ संस्था र कोटेशन | १ लाख भन्दा माथि ५ लाख सम्म | ५,०००।०० | |
| | | ५ लाख भन्दा माथी १० लाख भन्दा माथी | १०,०००।०० | |
| २३ | यस वर्गीकरणमा नपरेका व्यावसायको हकमा | | ७५०.०० | |
| २४ | सिरक, डसना उद्योग पसल | | १,५००।०० | |
| २५ | कुटानी पिसानी हते मिल | | ५००।०० | |
| २६ | कुटानी पेलानी/ मिल | | १,५००।०० | |
| २७ | मसला मिल | | १,०००।०० | |
| २८ | डेरी उद्योग/ व्यवसाय | | १,०००।०० | |
| २९ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १,०००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १,०००।०० | |
| | | पापड चिप्स फिगर | १,५००।०० | |
| ३० | पूर्वाधार विकास शुल्क | उत्तिसको काठमा प्रति गाडी (१० चक्के गाडी) | १,५००।०० | |
| | | खयरको काठमा प्रति के जी | १।०० | |
| | | उत्तिसको काठमा प्रति गाडी (६ चक्के गाडी) | १,०००।०० | |
| ३१ | वनजन्य उद्योग | खयर प्रति के.जी(निजी वन) | ७।०० | |
| | | स मिल प्लाइउड उद्योग | ५,०००।०० | |
| | | काठ बिक्री को लागि स्थानीय रुख प्रति गोटा | १००।०० | |
| ३२ | Excavator mashine दर्ता शुल्क (ठूलो) चेनवाला | | २०,०००.०० | |
| ३३ | व्याक हो लोडर दर्ता सानो मेसिन शुल्क( सानो) | | १०,०००.०० | |
| ३४ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २,०००।०० | |
| | | चिया र खाजा पसल | २,०००।०० | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २,०००।०० | |
| ३५ | टेन्ट हाउस | | २,०००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १,०००।०० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १,०००।०० | |
| ३६ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५,०००।०० | |
| | | मनी ट्रान्सफर | १,५००।०० | |
| ३७ | | क्लिनिक तथा ल्याब | १,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १,०००।०० | |
| ३९ | फूल विरुवा पसल | | ५००।०० | |
| ४० | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २,०००।०० | |
| | | अन्तराष्ट्रिय | ५,०००।०० | |
| ४१ | दुग्ध व्यवसाय | | ५००।०० | |
| ४२ | घरेलु उद्योग/मदिरा/अचार | | २,०००।०० | |
| ४३ | क्रसर उद्योग संचालन अनुमति | वार्षिक | १००,०००।०० | |
| ४४ | सप्तमी बजार ओखे | वार्षिक | ५०,०००।०० | |

अनुसूचि–५

(दफा ६ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

जडबिुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटी/मौसमी तथा बेमौसमी फलफूल | व्यावसायमुलक | ५,०००।०० | |
| | | मध्यम | २,०००।०० | |
| | | निम्न | १,०००।०० | |
| २ | माछा पालन व्यावसाय | | ५००।०० | |
| ३ | बाखा तथा पशू व्यावसाय | | ५००।०० | |

अनुसूचि–६

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

सवारी साधन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | **बस, ट्रक, लरी र हेभी गाडी** | ३,०००।०० | |
| | | **भाडाका कार जिप** | १,५००।०० | |
| २ | पटके सवारी कर | बस, ट्रक, ट्र्याक्टर तथा अन्य हेभी सवारी साधन | २००।०० | |
| | | ट्रेक्टर तथा जिप | १००।०० | |
| | द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन । | | | |

अनुसूचि–७

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

विज्ञान कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | १,०००।०० | |

अनुसूचि–८

(दफा ९ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
मनोरन्जन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | १०.०० | |
| | | जादु सर्कस चटक आदिमा प्रति दिन | ३००।०० | |

अनुसूचि–९
(दफा १० संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० | |
| | | घर बनेको | १००।०० | |

अनुसूचि–१०
(दफा ११ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
पार्कङशुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० | |

(दफा १२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी | २००।०० | |
| | | ६ देखि १० रोपनीसम्म | २५०।०० | |
| | | ११ देखि २० रोपनीसम्म | ४००।०० | |
| | | २१ देखि ५० रोपनीसम्म | ६००।०० | |
| | | ५१ रोपनीभन्दा माथि | ८००।०० | |
| २ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | २००।०० | |
| | | १ रोपनी भन्दा माथिको | ३००।०० | |
| ३ | घर कायम सिफारिस | पक्की घर (प्रति वर्ग फिट) | ५।०० | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | ३।०० | |
| ४ | सरजमिन सिफारिस दस्तुर | | ५००।०० | |
| ५ | छात्रवृति सिफारिस | | २००।०० | |
| ७ | अस्थाइ बसोबास सिफारिस | | ५००।०० | |
| ८ | स्थायी बसोबास सिफारिस | | ४००।०० | |
| ९ | नागरिकता सिफारिस | वंशज | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिलिपि | ४००।०० | |
| | | अंगिकृत | ५००।०० | |
| १० | विद्युत जडान सिफारिस | | २००।०० | |
| ११ | धारा जडान सिफारिस | | २००।०० | |
| १२ | जीवित रहेको सिफारिस | | १,०००।०० | |
| १३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | ३००।०० | |
| १५ | व्यवसाय बन्द सिफारिस | | २००।०० | |
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | २००।०० | |
| १६ | व्यापार व्यवसाय नभएको सिफारिस | | २००।०० | |
| १७ | कोर्ट फी मिनाहा सिफारीस | | १,०००।०० | |
| १८ | नाबालक परिचयपत्र सिफारीस | | २००।०० | |
| १९ | चौपाया सम्बन्धी सिफारिस गाई, गोरु,भैसी,रागाँ | प्रति गोटा | १००।०० | |
| २० | चौपाया सम्बन्धी सिफारिस बंगुर | | १००।०० | |
| २१ | चौपाया सम्बन्धी सिफारिस खसी, बाखा | प्रति गोटा | ५०।०० | |
| २२ | व्यवसाय दर्ता सिफारिस | | १,०००।०० | |
| २३ | उद्योग ठाउँसारी सिफारिस | | १,०००।०० | |
| २४ | विद्यालय ठाउँसारी सिफारिस | | १,०००।०० | |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि/ सिफारिस | | ५००।०० | |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारिस | | २००।०० | |
| २७ | जग्गा दर्ता सिफारिस | | ५००।०० | |
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | २००।०० | |
| २९ | संरक्षक सिफारिस संस्थागत | | २००।०० | |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ५००।०० | |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | | २००।०० | |
| ३२ | संस्था दर्ता शुल्क | सहकारी | २,०००।०० | |
| | | टोलविकास | १००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | क्लबलाई | ५००।०० | |
| ३३ | उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रम | श्रमदान बाहेक रु,५० हजार सम्मको शुल्क | २००।०० | |
| | | श्रमदान बाहेक रु ५१ हजार देखी १ लाख सम्म | ४००।०० | |
| | | श्रमदान बाहेक रु १ लाख देखी ५ लाख सम्म | ७००।०० | |
| | | श्रमदान बाहेक रु ५ लाखदेखि १० लाख सम्म | १,०००।०० | |
| | | श्रमदान बाहेक रु १० लाखदेखि माथि प्रतिलाख बापत रु १०० | १००० र प्रतिलाख बापत रू. १०० | |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | ३००।०० | |
| ३५ | निरोगिताको सिफारिस | | ५००।०० | |
| ३६ | जीवित सँगको नाता प्रमाणित | | २००।०० | |
| ३७ | मृतकसँगको नाता प्रमाणित | | २००।०० | |
| ३८ | सम्पती तथा आय प्रमाणित | | प्रति एक लाखको १०० | |
| ३९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | २००।० | |
| ४० | जग्गा मूल्याङ्कन सिफारीस/प्रमाणित | मालपोत | २००।०० | |
| ४१ | चारकिल्ला प्रमाणित | | २००।०० | |
| ४२ | जन्ममिति प्रमाणित | | २००।०० | |
| ४३ | घर बाटो प्रमाणित | सडकले छोएको | ५००।०० | |
| | | सडकले नछोएको | २००।०० | |
| ४४ | विवाह प्रमाणित | | ५००।०० | |
| ४५ | घर पाताल प्रमाणित | | २००।०० | |
| ४६ | कागज/ मञ्जुरिनामा प्रमाणित | | २००।०० | |
| ४७ | हकवाला वा हकदार प्रमाणित | | ३००।०० | |
| ४८ | घर सम्पन्न सिफारिस/ प्रमाणित | पक्की | १,०००।०० | |
| | | कच्ची | ५००।०० | |
| ४९ | अविवाहित प्रमाणित | | ५००।०० | |
| ५० | अपुताली सिफारिस | | २,०००।०० | |
| | अन्य सिफारिस | शिक्षक तथा कमचारीले सरुवा सहमतिको लागि जाँदा/ आउँदा | ५,०००।०० | |
| ५१ | अन्य सिफारीस वा प्रमाणित | | २००।०० | |
| ५२ | घर नक्सापास दस्तुर | पक्की घर | १,०००।०० | |
| | | कच्ची घर | ५००।०० | |
| ५३ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | घर धुरीकर | फुसको छाना | ५०।०० | |
| | | कर्कटपाताको छाना | १००।०० | |
| | | माटोको छाना | ७५।०० | |
| ५५ | घ वर्गको निर्माण व्यावसायी लाइसेन्स (इजाजतपत्र) शुल्क | इजाजतपत्र दस्तुर | २५,०००।०० | |
| | | नवीकरण दस्तुर | ५,०००।०० | |
| ५६ | पंजिकरण | ३५ दिन भन्दा माथी | २०० | |
| ५७ | पंजिकरण को प्रतिलिपि | | ५००।०० | |
| | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | ५००।०० | |
| | व्यावसाय तथा कृषि समुह नविकरण | | ५००।०० | |
| ५८ | स्रोत परिचालन | हलभाडा प्रतिदिन वडास्तर | २००।०० | |
| | | हलभाडा गा.पा. को प्रति दिन | १,०००।०० | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५।०० | |
| ५९ | धुरी कर | पक्की | २००।०० | |
| | | च्यादर/टायल | १००।०० | |
| ६० | | फुस | ५०।०० | |
| | स्थलगत सर्जमिन | | १,०००।०० | |
| ६१ | पेन्सन बापत | नेपाल | १,०००।०० | |
| | | भारत | २,०००।०० | |
| | | बेलायत, सिंगापुर र अन्य देश | ३,०००।०० | |
| ६२ | मिलापत्र प्रतिपक्ष | | ५००।०० | |
| ६३ | वन | सामुदायिक वन तथा कबुलीयती वन सिफारीस शुल्क | ५००।०० | |
| | | सामुदायिक वनको खयर प्रति के जि | २।०० | |
| | | सामुदायिक वन तथा कबुलीयती वन गाउँपालिकामा दर्ता शुल्क | १,०००।०० | |
| ६४ | प्रतिलिपि दस्तुर | | ३००।०० | |

नोटः- उल्लेखित सबै प्रकारको सिफारिसहरुलाई अग्रेजिमा तयार गर्दा दोब्बर शुल्क लिइनेछ ।